प्रति साधारण शेयर रु.१००/- अंकित
दरको ६८,२६,११७.१९ कित्ता
हकप्रद साधारण शेयरको निष्काशन

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने
रु.१००/- प्रति शेयरको दरले

SiddharthaBank
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत प्राप्त संस्था
हात्तिसार, काठमाण्डौं, नेपाल ।
फोन नं. ४४४२९१९, फ्याक्स नं.९७७-१-४४४२९२१
E- mail: sbl@siddharthabank.com, URL: www.siddharthabankltd.com

हकप्रद शेयरको बिक्री खुल्ला अवधिः

निष्काशन खुल्ला मिति	:	२०७४/११/०२ गते
निष्काशन बन्द हुने मिति	:	२०७४/१२/०६ गते (बैंकिङ्ग समय पश्चात्)

१० कित्ता साधारण शेयर बराबर नयाँ १ कित्ता साधारण शेयरको

हकप्रद शेयर निष्काशन (Rights Issue) सम्बन्धी सूचना

बैंकको हाल कायम चुक्ता पूँजी रु. ६,८२,६१,१७,१८८/- को दश शेयर बराबर नयाँ एक शेयर (१० : १) को अनुपातमा रु.१००/- अंकित दरका ६८,२६,११७.१९ कित्ता हकप्रद साधारण शेयर मिति २०७४/१०/२२ गते भन्दा अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्काशन गर्नको लागि प्रकाशित गरिएको ।

हकप्रद शेयर निष्काशन सम्बन्धमा सामान्य जानकारी

१. संगठित संस्थाको नाम : सिद्धार्थ बैंक लिमिटेड (Siddhartha Bank Limited)

२. संगठित संस्थाको रजिष्टर्ड कार्यालय :

यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय वागमती अञ्चल, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. १ मा रहेको छ ।

३. कारोवार स्थान :

यस बैंकले नेपाल राष्ट्र बैंकले स्वीकृत गरे अनुसार नेपाल भित्र देहायका स्थानहरुबाट आफ्नो कारोबार सञ्चालन गर्दै आएको छ ।

क्र.सं.	शाखाको नाम	शाखा रहेको स्थान र जिल्ला	क्र.सं.	शाखाको नाम	शाखा रहेको स्थान र जिल्ला
१	सिद्धार्थ बैंक लिमिटेड, प्रधान कार्यालय	हात्तीसार, काठमाडौं	४०	सिद्धार्थ बैंक लिमिटेड, कृष्णनगर शाखा	कृष्णनगर-२, कपिलवस्तु
२	सिद्धार्थ बैंक लिमिटेड, न्यूरोड शाखा	न्यूरोड, काठमाडौं	४१	सिद्धार्थ बैंक लिमिटेड, नाम्चे शाखा	नाम्चे बजार-३, सोलुखुम्बु
३	सिद्धार्थ बैंक लिमिटेड, त्रिपुरेश्वर शाखा	त्रिपुरेश्वर, काठमाडौं	४२	सिद्धार्थ बैंक लिमिटेड, दैलेख शाखा	नारायण न. पा.-१, दैलेख
४	सिद्धार्थ बैंक लिमिटेड, पुरानो बानेश्वर शाखा	पुरानो बानेश्वर, काठमाडौं	४३	सिद्धार्थ बैंक लिमिटेड, कलैया शाखा	कलैया, बारा
५	सिद्धार्थ बैंक लिमिटेड, ठमेल शाखा	ठमेल-२९, काठमाडौं	४४	सिद्धार्थ बैंक लिमिटेड, बौनियाशाखा	बौनिया-९, कैलाली
६	सिद्धार्थ बैंक लिमिटेड, तीनकुने शाखा	तीनकुने-३५, काठमाडौं	४५	सिद्धार्थ बैंक लिमिटेड, बेलटार शाखा	बेलटार-०१, बसहा न.पा, उदयपुर
७	सिद्धार्थ बैंक लिमिटेड, गोंगबु शाखा	गोंगबु-२९, काठमाडौं	४६	सिद्धार्थ बैंक लिमिटेड, बुद्धचोक शाखा	वडा नं.-१०, बुद्धचोक, कास्की पोखरा
८	सिद्धार्थ बैंक लिमिटेड, कलंकी शाखा	कलंकी-१४, काठमाडौं	४७	सिद्धार्थ बैंक लिमिटेड, बिरौटा शाखा	वडा नं.-१७ बिरौटा, कास्की
९	सिद्धार्थ बैंक लिमिटेड, बौद्ध शाखा	बौद्ध-६, काठमाडौं	४८	सिद्धार्थ बैंक लिमिटेड, दमौली शाखा	वडा नं.-०२, दमौली, तनहुँ
१०	सिद्धार्थ बैंक लिमिटेड, शंखमुल शाखा	शंखमुल-१०, काठमाडौं	४९	सिद्धार्थ बैंक लिमिटेड, खाँदवारी शाखा	वडा नं.-३, खाँदवारी न.पा, शंखुवासभा
११	सिद्धार्थ बैंक लिमिटेड, सरस्वतीनगर शाखा	सरस्वतीनगर-६, काठमाडौं	५०	सिद्धार्थ बैंक लिमिटेड, कोहलपुर शाखा	वडा नं.-११ कोहलपुर न.पा, बाँके
१२	सिद्धार्थ बैंक लिमिटेड, स्वयम्भु शाखा	स्वयम्भु, हलचोक, काठमाडौं	५१	सिद्धार्थ बैंक लिमिटेड, क्षिरेश्वर शाखा	वडा नं.-५ क्षिरेश्वरनाथ न.पा, धनुषा
१३	सिद्धार्थ बैंक लिमिटेड, महाराजगञ्ज शाखा	महाराजगञ्ज-५, काठमाडौं	५२	सिद्धार्थ बैंक लिमिटेड, चिप्लेढुङ्गा शाखा,पोखरा	चिप्लेढुङ्गा-०९, पोखरा कास्की
१४	सिद्धार्थ बैंक लिमिटेड, पाटन शाखा	पाटनढोका, ललितपुर	५३	सिद्धार्थ बैंक लिमिटेड, परासी शाखा	वडा नं.-०५, रामग्राम न.पा, नवलपरासी
१५	सिद्धार्थ बैंक लिमिटेड, कुमारीपाटी शाखा	कुमारीपाटी, ललितपुर	५४	सिद्धार्थ बैंक लिमिटेड, पर्स्याङ्ग शाखा, पोखरा	वडा नं.-०५, पर्स्याङ्ग, पोखरा
१६	सिद्धार्थ बैंक लिमिटेड, सातदोबाटो शाखा	सातदोबाटो, ललितपुर	५५	सिद्धार्थ बैंक लिमिटेड, लेकसाइड, पोखरा	लेकसाइड, पोखरा
१७	सिद्धार्थ बैंक लिमिटेड, ग्वार्को(बि एण्ड बि) एक्स्टेन्सन काउन्टर	ग्वार्को, ललितपुर	५६	सिद्धार्थ बैंक लिमिटेड, सिमरा शाखा	वडा नं.-२, गढीमाई न.पा, बारा
			५७	सिद्धार्थ बैंक लिमिटेड, टाँडी शाखा	वडा नं.-८, रत्ननगर न.पा, चितवन
१८	सिद्धार्थ बैंक लिमिटेड, गट्ठाघर शाखा	मध्यपुर ठिमी, भक्तपुर	५८	सिद्धार्थ बैंक लिमिटेड, उर्लाबारी एक्टेन्शन काउन्टर	उर्लाबारी वडा नं.-०५, मोरङ्ग
१९	सिद्धार्थ बैंक लिमिटेड पुतलीसडक एक्सटेन्सन काउन्टर	पुतलीसडक-२८, काठमाण्डौ	५९	सिद्धार्थ बैंक लिमिटेड, अनामनगर शाखा	वडा नं.-३२, अनामनगर काठमाण्डौं
			६०	सिद्धार्थ बैंक लिमिटेड, कान्तिपथ शाखा	कान्तिपथ, वडा नं.-३०, काठमाण्डौ
२०	सिद्धार्थ बैंक लिमिटेड, वीरगञ्ज शाखा	आदर्शनगर, वीरगञ्ज, पर्सा	६१	सिद्धार्थ बैंक लिमिटेड, डडेलधुरा शाखा	अमरगढी न.पा.-०५, डडेलधुरा
२१	सिद्धार्थ बैंक लिमिटेड, विराटनगर शाखा	मेनरोड, विराटनगर, मोरङ्ग	६२	सिद्धार्थ बैंक लिमिटेड, इटहरी शाखा	मेनचोक, इटहरी, सुनसरी
२२	सिद्धार्थ बैंक लिमिटेड, पोखरा शाखा	न्यूरोड, पोखरा	६३	सिद्धार्थ बैंक लिमिटेड, विर्तामोड शाखा	भद्रपुर रोड, विर्तामोड, झापा
२३	सिद्धार्थ बैंक लिमिटेड, दमक शाखा	दमक-१३, झापा	६४	सिद्धार्थ बैंक लिमिटेड, इलाम शाखा	इलाम न.पा.-१, निकुञ्जपथ, इलाम
२४	सिद्धार्थ बैंक लिमिटेड, नारायणगढ शाखा	शहिदचोक, भरतपुर-४, चितवन	६५	सिद्धार्थ बैंक लिमिटेड, फिक्कल शाखा	सूर्योदय न.पा.-६, फिक्कलबजार, इलाम
२५	सिद्धार्थ बैंक लिमिटेड, टिकापुर शाखा	मेनरोड, टिकापुर-९, कैलाली	६६	सिद्धार्थ बैंक लिमिटेड, कावासोती शाखा	कावासोती न.पा.-२, नवलपरासी
२६	सिद्धार्थ बैंक लिमिटेड, धनगढी शाखा	मेनरोड, धनगढी, कैलाली	६७	सिद्धार्थ बैंक लिमिटेड, बिराटचोक शाखा	सुन्दर हरैचा न.पा.-१०, बिराटचोक, मोरङ्ग
२७	सिद्धार्थ बैंक लिमिटेड, महेन्द्रनगर शाखा	भीमदत्तनगर न.पा.-४, कञ्चनपुर	६८	सिद्धार्थ बैंक लिमिटेड, पाल्पाशाखा	तानसेन न.पा.-३, भिमसेनटोल, पाल्पा
२८	सिद्धार्थ बैंक लिमिटेड, बुटवल शाखा	मिलनचोक, बुटवल, रुपन्देही	६९	सिद्धार्थ बैंक लिमिटेड, बेनीशाखा	बेनी न.पा.-७, बेनीबजार, म्याग्दी
२९	सिद्धार्थ बैंक लिमिटेड, भैरहवा शाखा	सिद्धार्थनगर १२, प्रहरी टोल, रुपन्देही	७०	सिद्धार्थ बैंक लिमिटेड, कुलेश्वर शाखा	वडा नं.-१४, कुलेश्वर काठमाण्डौ
३०	सिद्धार्थ बैंक लिमिटेड, नेपालगञ्ज शाखा	धम्बोजीचोक, नेपालगञ्ज, बाँके	७१	सिद्धार्थ बैंक लिमिटेड, कमलविनायक शाखा	वडा नं.-१, च्याम्हासिं, कमलविनायक, भक्तपुर
३१	सिद्धार्थ बैंक लिमिटेड, तुल्सीपुर शाखा	बी. पी. चोक-५, तुल्सीपुर, दाङ्ग	७२	सिद्धार्थ बैंक लिमिटेड, सुर्खेत शाखा	वडा नं.-६, जुम्लारोड, सुर्खेत, विरेन्द्रनगर
३२	सिद्धार्थ बैंक लिमिटेड, घोराही शाखा	शहिदचोक, घोराही, दाङ्ग	७३	सिद्धार्थ बैंक लिमिटेड, मिर्चैया शाखा	वडा नं.-६, मिर्चैया न.पा., मिर्चैया, सिराहा
३३	सिद्धार्थ बैंक लिमिटेड, जनकपुर शाखा	मिल्स एरिया, जनकपुर-१, धनुषा	७४	सिद्धार्थ बैंक लिमिटेड, जोरपाटी शाखा	वडा नं.-६, गोकर्णेश्वर न.पा., जोरपाटी
३४	सिद्धार्थ बैंक लिमिटेड, बर्दिवास शाखा	बर्दिवास, महोत्तरी	७५	सिद्धार्थ बैंक लिमिटेड, चन्द्रपुर शाखा	वडा नं.-४, चन्द्रपुर न.पा., रौतहट
३५	सिद्धार्थ बैंक लिमिटेड, सिन्धुली शाखा	कमलामाई न.पा., माढीबजार, सिन्धुली	७६	सिद्धार्थ बैंक लिमिटेड, धनकुटा शाखा	वडा नं.-७, धनकुटा न.पा., धनकुटा
३६	सिद्धार्थ बैंक लिमिटेड, चन्द्रगढी शाखा	चन्द्रगढी, झापा	७७	सिद्धार्थ बैंक लिमिटेड, ताप्लेजुङ्ग शाखा	वडा नं.-४, फुङ्गलीङ्ग न.पा., ताप्लेजुङ्ग
३७	सिद्धार्थ बैंक लिमिटेड, हेटौंडा शाखा	नारायणीमल ४, हेटौडा, मकवानपुर	७८	सिद्धार्थ बैंक लिमिटेड, गरुडा शाखा	वडा नं.-२, गरुडा न.पा., गरुडा, रौतहट
३८	सिद्धार्थ बैंक लिमिटेड, धरान शाखा	धरान न.पा., सुनसरी	७९	सिद्धार्थ बैंक लिमिटेड, बेंशीशहर शाखा	वडा नं.-८, बेंशीशहर न.पा., लम्जुङ्ग
३९	सिद्धार्थ बैंक लिमिटेड, बगर शाखा	बगर-१, कास्की	८०	सिद्धार्थ बैंक लिमिटेड, जुम्लीशाखा	वडा नं.-४, प्युठान न.पा., जुम्ली, प्युठान

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

१) कम्पनीको संक्षिप्त परिचय :

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०५८/०६/१२ गते संस्थाापित यस बैंकले मिति २०५९ पौष ९ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्ने इजाजत प्राप्त गरी मिति २०५९ पुस १० गते देखि नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्र प्राप्त संस्थाको रुपमा वित्तीय कारोवार सञ्चालन गर्दै आएको छ । बैंकका संस्थापक तथा सञ्चालकहरुमा वित्तीय क्षेत्र, उद्योग तथा व्यापार क्षेत्र एवम् व्यवस्थापनमा लामो समयदेखि कार्यरत अनुभवी प्रतिष्ठित व्यक्तिहरु रहनु भएको छ । यस बैंकमा ५१% शेयर स्वामित्व संस्थापक शेयरधनीहरुको रहेको छ भने बाँकी ४९% शेयर सर्वसाधारण शेयरधनीहरुको रहेको छ ।

२) कम्पनीको उद्देश्य :

बैंकको प्रबन्धपत्रको दफा ३ मा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०६३ तथा अन्य प्रचलित कानूनको अधिनमा रही वित्तीय कारोवार गर्ने यस बैंकको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :

१. बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हकहितको संरक्षण र सम्वर्द्धन गर्दै सर्वसाधरणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,
२. कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यावसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक,व्यापारिक एवम् कृषि क्षेत्रको विकासमा गतिशीलता ल्याउन सहयोग पुन्याउने,
३. उपलब्ध सीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारी मूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रवद्धन गर्ने र त्यस कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुन्याउने,
४. मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने,
५. सामान्यतया, माथि उल्लिखित कुनै पनि उद्देश्यहरु पूरा गर्दा आइपर्ने वा त्यससँग सम्बद्ध वा ती उद्देश्यहरुको प्राप्तिका लागि उपयुक्त वा बैंकलाई लाभ हुने अन्य कुनै पनि कार्यहरु प्रचलित कानूनको अधीनमा रही प्रारम्भ गर्ने, जिम्मा (Undertaking) लिने, सुप्रबन्ध गर्ने तथा सञ्चालन गर्ने ।

५. शेयर पूँजीको संरचना :

क) अधिकृत पूँजी : यस बैंकको अधिकृत पूँजी रु.१०,५०,००,००,०००/- (अक्षेरुपी दश अर्ब पचास करोड) रहेकोछ । जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा १०,५०,००,००० कित्ता साधारण शेयरमा विभाजन गरिएकोछ ।

ख) जारी पूँजी : यस बैंकको जारी पूँजी रु.७,५०,८७,२८,८७०/- (अक्षेरुपी सात अर्ब पचास करोड सतासी लाख अठाईस हजार आठ सय सत्तरी) रहेकोछ । जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा ७,५०,८७,२८८.७० कित्ता साधारण शेयरमा विभाजन गरिएकोछ ।

ग) चुक्ता पूँजी : हाल यस बैंकको चुक्ता पूँजी रु.६,८२,६१,१७,१८८/- (अक्षेरुपी छ अर्ब बयासी करोड एकसठ्ठी लाख सत्र हजार एकसय अठासी) रहेकोछ जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा ६,८२,६१,१७१.१९ कित्ता साधारण शेयरमा विभाजन गरिएकोछ । यस विवरण पत्र मार्फत हकप्रद साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात बैंकको चुक्ता पूँजी रु.७,५०,८७,२८,८७०/- (अक्षेरुपी सात अर्ब पचास करोड सतासी लाख अठाईस हजार आठ सय सत्तरी) हुनेछ ।

६. हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने बैंकको चुक्ता पूँजीको संरचना :

समूह	शेयरधनी	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरु	३,८२,६७,८४८.४०	५१%	३,८२,६७,८४,८४०	शतप्रतिशत
ख	सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत)	३,६८,१९,४४०.३०	४९%	३,६८,१९,४४,०३०	शतप्रतिशत
	जम्मा	७,५०,८७,२८८.७०	१००%	७,५०,८७,२८,८७०	

७. सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

बैंकको संचालक समितिमा हाल देहाय बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ :

सि.नं	नाम	पद	योग्यता	ठेगाना	अनुभव	समूह
१	मनोज कुमार केडिया (प्रतिनिधि प्रुडेन्सियल इन्भेष्टमेण्ट कम्पनी प्रा.लि.)	अध्यक्ष	प्रणिवता प्रमाणपत्र	काठमाण्डौ-१३, कालीमाटी	प्रबन्ध संचालक, बृज सिमेन्ट प्रा.लि., अध्यक्ष, केडिया इन्टरनेशनल प्रा.लि., कार्यकारी संचालक, केडिया अर्गनाइजेशन प्रा. लि, अध्यक्ष, म्यागना कर्पोरेट सेक्युरिटिज प्रा.लि, कार्यकारी संचालक, अर्घाखाँचि सिमेन्ट प्रा.लि, अध्यक्ष, केडिया इन्भेष्टमेन्ट कर्पोरेशन प्रा.लि, प्रबन्ध संचालक,सुन्दर प्रोडक्ट एण्ड सर्भिसेज प्रा.लि, अध्यक्ष, गुराँस सिमेन्ट प्रा.लि, संचालक, श्री स्टिलस् प्रा.लि, अध्यक्ष, सनराईज नेपाल फुड एण्ड बेभेरेज प्रा.लि, कार्यकारी संचालक ,सिद्धार्थ मिनिरलस् लगायतका कम्पनीहरुमा आवद्ध भै उद्योग व्यापार, व्यवसायको क्षेत्रमा २१ वर्षभन्दा बढीको अनुभव ।	संस्थापक
२	नरेन्द्र कुमार अग्रवाल	संचालक	स्नातक	विराटनगर-१, मोरङ्ग	संचालक, अरुणदोय उद्योग प्रा.लि., संचालक, गणपति मेटाकन प्रा.लि., संचालक, यति पोलीकेम प्रा.लि., संचालक, रिलायन्स सुपरटेक सिमेन्ट प्रा.लि., संचालक, डेडराज सेवली देवी तोदी स्कुल मोरङ्ग प्रा.लि लगायतका कम्पनीहरुमा आवद्ध भै उद्योग व्यापार क्षेत्रमा ४० वर्षभन्दा बढीको अनुभव ।	संस्थापक
३	विरेन्द्र कुमार शाह	संचालक	स्नातकोत्तर	पर्सा-१५, बीरगञ्ज हाल काठमाण्डौ-१०, पुरानो बानेश्वर	प्रबन्ध संचालक, एस.टी. फेब्रिक प्रा.लि., संचालक, डी.बी.ईन्डष्ट्रीज प्रा.लि., संचालक, प्रेष्टिज लुप मैट ईन्डष्ट्रीज प्रा.लि., संचालक, प्रेष्टिज मैट ईन्डष्ट्रीज प्रा.लि. कम्पनीहरुमा आवद्ध भै उद्योग व्यापारको क्षेत्रमा २५ वर्ष भन्दा बढीको अनुभव ।	संस्थापक
४	दिनेश शंकर पालिखे (प्रतिनिधि, रिन्युवल इन्भेष्टमेण्ट प्रा.लि.)	संचालक	स्नातकोत्तर	पोखरा-९, पालिखेचोक, कास्की	संचालक, रिलायन्स इन्भेष्टमेन्ट एण्ड म्यानेजमेन्ट प्रा.लि. मा आवद्ध भै लगानी व्यवसायको क्षेत्रमा १३ वर्षभन्दा बढीको अनुभव र यस अघि साविकको बिजनेश युनिभर्सल डेभलपमेन्ट बैंक लि. मा संचालक पदमा रही कार्य गर्नु भएको अनुभव ।	सर्वसाधारण
५	राजेश कुमार केडिया (प्रतिनिधि, नेपाल मल्टी नेशनल प्रा.लि.)	संचालक	स्नातक	बीरगंज-७, पर्सा	संचालक, ईन्दु शंकर सुगर ईन्डष्ट्रीज प्रा.लि., संचालक, यति पोलिकेम प्रा.लि., संचालक, वृज सिमेन्ट ईन्डष्ट्रीज प्रा.लि., अध्यक्ष, एसियन मेडिकल कलेज एण्ड टिचीङ्ग हस्पिटल प्रा.लि मा अवद्ध भै उद्योग व्यापारको क्षेत्रमा २५ वर्ष भन्दा बढीको अनुभव ।	सर्वसाधारण
६	भगत विष्ट	संचालक	स्नातकोत्तर	लगनखेल, ललितपुर	नेपाल राष्ट्र बैंकमा विभिन्न शाखामा विभिन्न पदमा कार्यरत रही ३० वर्षको अनुभव ।	स्वतन्त्र

बैंकको प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिवको विवरण:

प्रमुख कार्यकारी अधिकृतको नाम : श्री शम्भुनाथ गौतम **ठेगाना :** वडा नं. १६, बालाजु, काठमाण्डौ । **योग्यता :** वाणिज्यशास्त्रमा स्नातकोत्तर

अनुभव : वैकिङ्ग क्षेत्रमा ३० वर्ष भन्दा लामो अनुभव । नबिल बैंक लिमिटेडको विभिन्न तहमा रही १४ बर्ष काम गरेको तथा सिद्धार्थ बैंक लिमिटेडमा स्थापनाकालदेखि नै उच्च व्यवस्थापकीय तहमा रहि कार्य गरेको र यही २०७४ श्रावण २६ गते देखि प्रमूख कार्यकारी अधिकृतको रुपमा कार्यरत रहनु भएको ।

८. संचालक समितिको बनौट :

यस बैंकको नियमावलीको नियम ८ मा भएको व्यवस्था अनुसार ६ (छ) जना संचालकहरु रहेको एक संचालक समिति देहाय बमोजिम गठन हुनेछ :

'क' समूहका संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित संचालकहरु	३ (तीन) जना
'ख' समूहका सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित संचालकहरु	२ (दुई) जना
नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञबाट मनोनित संचालक	१ (एक) जना
जम्मा	६ जना

समूह "क" अन्तर्गतका शेयरधनीहरुबाट निर्वाचित/मनोनयन हुने संचालकहरुको लागि सोही समूहका शेयरधनीहरुले मात्र मतदान गर्न पाउने छन् भने समुह "ख" अन्तर्गतका सर्वसाधारण शेयरधनीहरुबाट नियुक्त हुने संचालकहरुको निर्वाचनको हकमा सोही समूहका शेयरधनीहरुले मात्र भाग लिई मतदान गर्न पाउनेछन् । उपरोक्त व्यवस्था बमोजिम निर्वाचित/मनोनित संचालकहरुले आफू मध्येबाट बहुमतको आधारमा एक जना अध्यक्षको मनोनयन गर्ने छन् ।

यस बैंकको नियमावलीमा व्यवस्था भए अनुसार बैंकको संचालक हुनका लागि यस बैंकको कम्तिमा १०० (एक सय) कित्ता साधारण शेयर लिएको हुनु पर्नेछ । यस्तो शेयर लिने व्यक्तिले आफ्नो शेयर कुनै ब्यहोराले कसैलाई धितोबन्धक दिएको वा राखेको हुनु हुँदैन । तर नेपाल राष्ट्र बैंकले कायम गरेको व्यावसायिक बिशेषज्ञ संचालक तथा विदेशी बैंक वा वित्तीय संस्था वा संगठित संस्थाले बैंकमा लगानी गरी संचालक मनोनयन गरेको अवस्थामा त्यस्तो संचालकले ब्यक्तिगत हैसियतले त्यस्तो शेयर लिन आवश्यक हुने छैन ।

९. निष्काशन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :

बैंकको चुक्ता कुल साधारण शेयर संख्या ६,८२,६१,१७१.८८ कित्ताको प्रति दश शेयर बराबर नयाँ एक शेयर (१० : १) को अनुपातमा (अर्थात विद्यमान दश कित्ता साधारण शेयर बराबर एक कित्ता साधारण शेयरका दरले) हुन आउने शेयरका लागि दरखास्तसाथ प्रति शेयर रु. १००|- को दरले भुक्तानी माग गर्ने गरी रु ६८,२६,११,७१८.८ बराबरको प्रति शेयर १००/-अंकित दरका ६८,२६,११७.१९ कित्ता शेयरहरुको हकप्रद शेयर निष्काशन गरिएको छ ।।

१०. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशन तथा बिक्री गरिने शेयरको हकप्रद निष्काशनको लागि आवेदन दिंदा कम्पनीको शेयर रजिष्ट्रारमा प्राप्त भई शेयरधनी दर्तापुस्तिकामा कायम शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको १० : १ कित्ता (विद्यमान १० कित्ता शेयर बराबर नयाँ १ कित्ता को दरले) को अनुपातमा हुन आउने शेयरका लागि आवेदन दिन सक्नेछन् ।। दरखास्त साथ प्रति शेयर रु.१००|- को दरले आवेदन गर्ने साधारण शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम निष्काशन बैंकमा जम्मा गरेको भौचर वा बैंक ड्राफ्ट दरखास्तसाथ संलग्न भएको हुनुपर्नेछ ।

११. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको विक्री गर्ने सम्बन्धी व्यवस्था :

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयर भन्दा कम शेयरको लागि आवेदन दिइ शेयरहरु बाँकी रहन गएको खण्डमा यसरी बाँकी रहन गएका अवितरित शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार सञ्चालक समितिले तोकेबमोजिम अत्यन्त पारदर्शी तरिका (जस्तै लिलाम बढाबढ) द्धारा बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ ।

१२. हकप्रद शेयरको अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :

हकप्रद शेयरको अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने छैनन् तर आवेदन दिदाँ हक वापतको शेयर संख्या खण्डित शेयर आएमा सो खण्डित शेयरलाई नजिकको माथिको पुरा शेयरमा परिणत गरी आवेदन दिन सक्नेछन् ।

१३. संगठित संस्थाको विगत तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

वासलात

पूँजी तथा दायित्व	वास्तविक (रु. हजारमा)									
	२०७०/७१		२०७१/७२		२०७२/७३		अपरिष्कृत २०७३/७४ असार		अपरिष्कृत २०७४/७५ असोज	
	बैंक	एकीकृत	बैंक	एकीकृत	बैंक	एकीकृत	बैंक	एकीकृत	बैंक	एकीकृत
शेयर पूँजी	२०,३१,१८०	२०,३१,१८०	२४,३७,४१६	२४,३७,४१६	४४,९६,१४३	४४,९६,१४३	६६,२८,८७९	६६,२८,८७९	६८,४४,९४९	६८,४४,९४९
जगेडा तथा कोषहरु	९,६९,२०१	९,६९,७१४	१३,०८,६६४	१३,१९,०७८	१७,४५,६५१	१७,६६,२५१	३२,८४,०६०	३४,०६,४५२	३५,८०,३१९	३७,८६,३४८
नन कन्ट्रोलिङ इन्ट्रेस्ट	-	४९,४९३	-	५९,००६	-	६८,७९२	-	१,४७,०४४	-	५९,४७०
ऋणपत्र तथा बण्ड	९,३१,२९०	९,३१,२९०	१४,३१,२९०	१४,३१,२९०	१२,०३,५२०	१२,०३,५२०	१२,०३,५२०	१२,०३,५२०	१२,०३,५२०	१२,०३,५२०
तिर्न बाँकी कर्जा सापटी	१,०६,४१५	१,०६,४१५	६५,०००	६५,०००	९,१०,०००	९,१०,०००	५०५,७१४	५०५,७१४	१७,५८,७००	१७,५८,७००
निक्षेप दायित्व	३,४५,१४,००७	३,५४,०८,६५४	४,४७,४०,७३२	४,४७,२२,०७३	६,४९,३४,३५९	६,४९,०२,००५	७,७३,१७,५५९	७,६३,३९,४८५	७,७८,७५,०५०	७,७२,३८,३९६
भुक्तानी दिनु पर्ने बिलहरु	१,०४,७४०	१,०४,७४०	१२,७५१	१२,७५१	४०,०२०	४०,०२०	-	-	-	-
प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	२,०२,३५४	२,०२,३५४	२१,३८१	२१,३८१	-	-	-	-	-	-
आयकर दायित्व (खुद)	-	-	-	-	-	-	-	-	-	-
अन्य दायित्व	५,१८,५६४	५,२५,००७	६,३०,०६२	६,५१,७५१	१०,७३,२२३	१४,३९,५९८	१८,६६,९२७	२९,४५,७४४	१७,१८,७९४	२३,२८,६९४
कूल पूँजी तथा दायित्व	४,०२,७७,७५२	४,०३,२८,८५०	५,०६,४७,२९६	५,०७,१९,७४५	७,४४,०२,९१५	७,४८,२६,३३०	९,०८,०६,६५९	९,११,७६,८३८	९,२९,८१,३३२	९,३२,२०,०७६

सम्पत्ति	वास्तविक (रु. हजारमा)									
	२०७०/७१		२०७१/७२		२०७२/७३		अपरिष्कृत २०७३/७४ असार		अपरिष्कृत २०७४/७५ असोज	
	बैंक	एकीकृत	बैंक	एकीकृत	बैंक	एकीकृत	बैंक	एकीकृत	बैंक	एकीकृत
नगद मौज्दात	११,२१,७६१	११,१६,४१३	११,५५,८५७	११,५५,८५७	१९,४०,५८४	१९,४०,५८४	१,०१,२०,५५६	१,०२,२९,५९८	७०,१९,६९३	७०,३०,६६४
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	५९,५३,६५६	५९,५३,६५६	३७,५३,१७२	३७,५३,१७२	३८,४७,२६८	३८,४७,२६८				
बैंक /वित्तीय संस्थामा रहेको मौज्दात	१,८१,६२८	१,९१,२०६	१,९८,७६१	२,०३,५५५	४,८६,९५५	८,४९,५४६				
माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	११,५०,०००	११,५०,०००	११,३०,०००	११,३०,०००	९,५०,७००	९,५०,७००	५,२१,३००	५,२१,३००	२,००,०००	२,००,०००
लगानी	३३,२७,६५५	३३,४३,२८५	६६,४१,६८२	६६,६४,९३५	९८,२२,६०७	९८,२३,५२२	१,१२,७२,०९७	१,१४,३५,२१९	१,४५,९१,३८८	१४७,५८,८०५
कर्जा सापट तथा बिल खरिद	२,७१,८६,९०५	२,७१,८६,९०५	३,६३,३९,७९६	३,६३,३९,७९६	५,५३,५०,८९१	५,५३,५०,८९१	६,६०,६३,४७८	६,६०,६३,४७८	६,८८,९६,४७३	६,८८,९६,४७३
स्थिर सम्पत्ति	४,४०,४९१	४,५०,४१६	४,०९,८५२	४,१८,२२३	६,१८,८२५	६,३५,०२०	७,३१,३८८	७,६२,२६४	७,३५,९८८	७६५२८४
गैर बैंकिङ्ग सम्पत्ति (खुद)	-	-	-	-	-	-	१,५४,६३८	१५४६३८	१,५४,६३८	१,५४,६३८
अन्य सम्पत्ति	९,१५,६५४	९,३६,९६६	१०,१८,१७६	१०,५४,२०७	१३,८५,०८५	१४,२८,७९८	१९,४३,२०४	२०,१०,३४२	१३,८३,९५२	१४,१४,२१२
कूल सम्पत्ति	४,०२,७७,७५२	४,०३,२८,८५०	५,०६,४७,२९६	५,०७,१९,७४५	७,४४,०२,९१५	७,४८,२६,३३०	९,०८,०६,६५९	९,११,७६,८३८	९,२९,८१,३३२	९,३२,२०,०७६

पूँजी तथा दायित्व	अपरिष्कृत २०७३/७४ असार		प्रक्षेपित (रु. हजारमा)		
	बैंक	एकीकृत	२०७४/७५	२०७५/७६	२०७६/७७
शेयर पूँजी	६६,२८,८७९	६६,२८,८७९	८६,५३,७२९	८६,५३,७२९	८६,५३,७२९
जगेडा तथा कोषहरु	३२,८४,०६०	३४,०६,४५२	३१,६२,३१३	४५,०६,९८१	६१,७०,८१८
नियन्त्रण नहुने स्वार्थ	-	१,४७,०४४	-	-	-
ऋणपत्र तथा बण्ड	१२,०३,५२०	१२,०३,५२०	१२,०३,५२०	८,०३,५२०	५,००,०००
तिर्न बाँकी कर्जा सापटी	५०५,७१४	५०५,७१४	२,९४,७७७	३,३९,२२४	४,०७,०६८
निक्षेप दायित्व	७,७३,१७,५५९	७,६३,३९,४८५	९,६६,३१,६३७	११,५९,५७,९६५	१३,७९,८९,९७८
भुक्तानी दिनु पर्ने बिलहरु	-	-	४४,०२२	४८,४२४	५३,२६६
प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	-	-	४,३२,६८६	४,३२,६८६	४,३२,६८६
आयकर दायित्व (खुद)	-	-	-	-	-
अन्य दायित्व	१८,६६,९२७	२९,४५,७४४	१९,६०,३४२	२०,५८,३५९	२१,६१,२७७
कूल पूँजी तथा दायित्व	९,०८,०६,६५९	९,११,७६,८३८	११,२३,८३,२२६	१३,२८,००,८८७	१५,६३,६८,८२३

सम्पत्ति	अपरिष्कृत २०७३/७४ असार		प्रक्षेपित (रु. हजारमा)		
	बैंक	एकीकृत	२०७४/७५	२०७५/७६	२०७६/७७
नगद मौज्दात	१,०१,२०,५५६	१,०२,२९,५९८	१,०३,८७,९०१	१,२४,६५,४८१	१,४७,६४,९२८
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात					
बैंक /वित्तीय संस्थामा रहेको मौज्दात					
माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	५,२१,३००	५,२१,३००	९,६६,३१६	११,५९,५८०	१३,७९,९००
लगानी	१,१२,७२,०९७	१,१४,३५,२१९	१,५३,३५,४८५	१,६४,६७,७८५	१,९०,०२,२५७
कर्जा सापट तथा बिल खरिद	६,६०,६३,४७८	६,६०,६३,४७८	८,२६,६५,९८७	९,८८,८१,३१२	११,६८,७१,३०७
स्थिर सम्पत्ति	७,३१,३८८	७,६२,२६४	९,१४,२३५	१०,५१,३७०	११,५६,५०७
गैर बैंकिङ्ग सम्पत्ति (खुद)	१,५४,६३८	१५,४६३८	-	-	-
अन्य सम्पत्ति	१९,४३,२०४	२०,१०,३४२	२१,१३,३०२	२७,७५,३५७	३१,९३,९२५
कूल सम्पत्ति	९,०८,०६,६५९	९,११,७६,८३८	११,२३,८३,२२६	१३,२८,००,८८७	१५,६३,६८,८२३

नाफा-नोक्सान हिसाब

विवरण	वास्तविक (रु. हजारमा)									
	२०७०/७१		२०७१/७२		२०७२/७३		अपरिष्कृत २०७३/७४ असार		अपरिष्कृत २०७४/७५ असोज	
	बैंक	एकीकृत	बैंक	एकीकृत	बैंक	एकीकृत	बैंक	एकीकृत	बैंक	एकीकृत
ब्याज आम्दानी	३०,५६,२८६	३०,५६,२८६	३२,९५,२५०	३२,९५,२५०	४१,१८,४९४	४१,१९,४७९	६६,५१,९५१	६८,८७,१२३	१९,९२,८३४	१९,८६,५३७
ब्याज खर्च	१७,०८,८६५	१७,०८,११९	१८,५९,४०७	१८,५९,४०७	२०,००,९०२	१९,८९,४१८	३९,९८,१६५	३९,७३,९५९	१४,८२,९८५	१४,७३,३५७
खुद ब्याज आम्दानी	१३,४७,४२१	१३,४८,१६७	१४,३५,८४३	१४,३५,८४३	२१,१७,५९२	२१,३०,०६१	२६,५३,७८६	२९,१३,१६५	५,०९,८४९	५,१३,१७९
कमिशन तथा डिस्काउण्ट	१,५९,६५५	१,७६,६८९	१,८७,७०८	१,८७,७०७	१,७३,९१७	१,७३,९१७	१,८३,८०४	१,८३,८०४	४४,९४९	४४,९४९
अन्य संचालन आम्दानी	२,०४,०८५	२,०५,३१७	२,४३,५९६	२,८९,२५९	३,१६,५९०	३,७१,५०८	३,६५,८२६	४,४१,७४३	१,,१४,२५६	१,३६,३३२
सटही घटबढ आम्दानी	१,३२,३२७	१,३२,३२७	१,४२,३४१	१,४२,३४१	१,६७,०८५	१,६७,०८५	१,६४,७५६	१,६४,७५६	५२,८२७	५२,८२७
कुल संचालन आम्दानी	१८,४३,४८८	१८,६२,५०१	२०,०९,४८८	२०,५५,१५२	२७,७५,१८४	२८,४२,५७२	३३,६८,१७१	३७,०३,४६७	७,२१,८८१	७,४७,२८७
कर्मचारी खर्च	२,४२,४४६	२,४९,१४८	३,२८,१३१	३,३७,४१०	३,७२,८५०	३,८७,६१८	५,९३,५५६	६,१४,०००	१,६४,४४६	१,७०,७७६
अन्य संचालन खर्च	४,३६,३०९	४,४६,९८७	४,५९,८०७	४,७३,४०८	४,८९,८६३	५,०९,२५५	५,९४,६७४	६,३७,४५३	१,५१,५८६	१,६०,१०५
सटही घटबढ नोक्सान	-	-	-	-	-	-	-	-	-	-
सम्भावित नोक्सनी ब्यवस्था अघिको संचालन मुनाफा	११,६४,४३२	११,६६,३६६	१२,२१,५५०	१२,४४,३३४	१९,१२,४७२	१९,४५,६९९	२१,७९,९४१	२४,५२,०१४	४,०५,८४८	४,१६,४०६
सम्भावित नोक्सानी व्यवस्थाहरु	४,२३,२२९	४,२३,२२९	२,४९,०८६	२,४९,०८६	२,५९,३४०	२,५९,३४०	३,२९,२१०	३,२९,२१०	३,४९,५८७	३,४९,५८७
संचालन मुनाफा/(नोक्सान)	७,४१,२०३	७,४३,१३७	९,७२,४६३	९,९५,२४८	१६,५३,१३१	१६,८६,३५९	१८,५०,७३१	२१,२२,८०४	५६,२६१	६६,८१९
गैर संचालन आम्दानी/(नोक्सान)	९३,१८०	९६,८१९	३८,५५४	४४,४९४	१,६०,३८१	१,७२,०२२	१,७६,०५०	१,९७,४४४	१,०६,७४२	१,२७,५२२
सम्भावित नोक्सानी ब्यवस्थाबाट फिर्ता	२,६६,४०२	२,६६,४०२	१,९७,९५२	१,९७,९५२	१,५७,३६४	१,५७,३६४	२,८६,२२८	२,८६,२२८	१,७७,००२	१,७७,००२
नियमित कारोवारबाट भएको मुनाफा	१,१००,७८६	११,०६,३६०	१२,०९,२६९	१२,३७,६९४	१९,७०,८७६	२०,१५,७४४	२३,१३,०१०	२६,०६,४७६	३,४०,००५	३,७१,३४३
असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च)	(२४)	(२४)	१,००३	१,००३	५७२	५७२	(७३,४६९)	(७३,४६९)	४००	४००
सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा	१,१००,७६२	११,०६,३३५	१२,१०,२७२	१२,३८,६९७	१९,७१,४४८	२०,१६,३१७	२२,३९,५४१	२५,३३,००७	३,४०,४०५	३,७१,७४३
कर्मचारी बोनस व्यवस्था	१,००,०६९	१,००,५७५	१,१०,०२५	१,१२,६०९	१,७९+,२२३	१,८३,३०२	२,०३,५९५	२,३०,२७३	३०,९४६	३३,७९५
आयकर ब्यवस्था	३,००,१५८	३,०१,४४६	३,३३,१६७	३,३९,६०८	५,३७,३०७	५,४७,५९८	६,१७,९४०	६,८४,६३७	९३,०१७	१,००,१३९
यस वर्षको	३,०५,४३९	३,०६,०६८	३,४८,६४२	३,५५,३०४	५,३५,१०५	५,४५,३७३	-	-	-	-
विगत वर्षसम्मको	२,५९४	२,५९४	१,०७९	१,०७९	३,२५४	३,२५४	-	-	-	-
स्थगन आम्दानी/(खर्च)	७,८७५	७,२१५	१६,५५४	१६,७७४	१,०५२	१,०३०	-	-	-	-
शेयर अफ नन कन्ट्रोलिङ इन्ट्रेस्ट	-	१,८५१	-	९,५०६	-	१४,९४५	-	९८,०४४	-	१०,४७०
खुद मुनाफा/(नोक्सान)	७०,०५,३४	७,०६,१६४	७,६७,०८१	७,७६,९७४	१२५४९१८	१२७०,४७३	१४,१८,००६	१५,२०,०५३	२,१६,४४२	२,२७,३३९

विवरण	अपरिष्कृत २०७३/७४ असार		प्रक्षेपित (रु. हजारमा)		
	बैंक	एकीकृत	२०७४/७५	२०७५/७६	२०७६/७७
ब्याज आम्दानी	६६,५१,९५१	६८,८७,१२३	९६,७५,०७५	१,१८,१३,९३४	१,४०,३०,४५३
ब्याज खर्च	३९,९८,१६५	३९,७३,९५९	६८,७४,०७०	८४,०५,२२७	१,००,३८,१९०
खुद ब्याज आम्दानी	२६,५३,७८६	२९,१३,१६५	२८,०१,००५	३४,०८,७०६	३९,९२,२६३
कमिशन तथा डिस्काउण्ट	१,८३,८०४	१,८३,८०४	२,५०,०७४	२,८७,५८६	३,३०,७२३
अन्य संचालन आम्दानी	३,६५,८२६	४,४१,७४३	४,९९,९२६	५,७४,९१४	६,६१,१५२
सटही घटबढ आम्दानी	१,६४,७५६	१,६४,७५६	२,६०,०००	२,९९,०००	३,४३,८५०
कुल संचालन आम्दानी	३३,६८,१७१	३७,०३,४६७	३८,११,००५	४५,७०,२०६	५३,२७,९८८
कर्मचारी खर्च	५,९३,५५६	६,१४,०००	७,८३,६२२	९,०१,१६६	९,९१,२८२
अन्य संचालन खर्च	५,९४,६७४	६,३७,४५३	७,०९,५४०	८,१५,९७१	९,३८,३६७
सटही घटबढ नोक्सान	-	-	-	-	-
सम्भावित नोक्सनी ब्यवस्था अघिको संचालन मुनाफा	२१,७९,९४१	२४,५२,०१४	२३,१७,८४२	२८,५३,०६९	३३,९८,३३८
सम्भावित नोक्सानी	३,२९,२१०	३,२९,२१०	१,२५,३२५	२,४६,९३४	२,९२,५२०
संचालन मुनाफा/(नोक्सान)	१८,५०,७३१	२१,२२,८०४	२१,९२,५१७	२६,०६,१३५	३१,०५,८१८
गैर संचालन आम्दानी/(नोक्सान)	१,७६,०५०	१,९७,४४४	१,८५,०००	१,८६,८५०	१,८८,७१९
सम्भावित नोक्सानी ब्यवस्थाबाट फिर्ता	२,८६,२२८	२,८६,२२८	-	-	-
नियमित कारोवारबाट भएको मुनाफा	२३,१३,०१०	२६,०६,४७६	२३,७७,५१७	२७,९२,९८५	३२,९४,५३७
असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च)	(७३,४६९)	-७३,४६९)	-	-	-
सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा	२२,३९,५४१	२५,३३,००७	२३,७७,५१७	२७,९२,९८५	३२,९४,५३७
कर्मचारी बोनस व्यवस्था	२,०३,५९५	२,३०,२७३	२,१६,१३८	२,५३,९०८	२,९९,५०३
आयकर ब्यवस्था	६,१७,९४०	६,८४,६३७	६,४८,४१४	७,६१,७२३	८,९८,५१०
यस वर्षको आयकर व्यवस्था	-	-	-	-	-
विगत वर्षसम्मको कर व्यवस्था	-	-	-	-	-
यस वर्षको स्थगन कर खर्च/(आम्दानी)	-	-	-	-	-
सहायक कम्पनीको नाफामा नियन्त्रण नहुने स्वार्थको हिस्सा	-	९८,०४४	-	-	-
खुद मुनाफा/(नोक्सान)	१४,१८,००६	१५,२०,०५३	१५,१२,९६६	१७,७७,३५४	२०,९६,५२३

नेटवर्थ सम्बन्धी विवरण

विवरण	वास्तविक (रु. हजारमा)				प्रक्षेपित (रु. हजारमा)		
	आ.ब.२०७०/७१	आ.ब.२०७१/७२	आ.ब.२०७२/७३	आ.ब.२०७३/७४	आ.ब.२०७४/७५	आ.ब.२०७५/७६	आ.ब.२०७६/७७
चुक्ता पूँजी	२०,३१,१८०	२४,३७,४१६	४४,९६,१४३	६६,२८,८७९	८६,५३,७२९	८६,५३,७२९	८६,५३,७२९
जगेडा तथा कोषहरु	९,६९,२०१	१३,०८,६६४	१७,४५,६५१	३२,८४,०१४	३१,६२,३१३	४५,०६,९८१	६१,७०,८१८
जम्मा	३०,००,३८१	३७,४६,०८०	६२,४१,७९४	९९,१२,८९३	१,१८,१६,०४२	१,३१,६०,७१०	१,४८,२४,५४७
अपलेखन हुन बाँकी खर्च	-	-	-	-	-	-	-
कुल नेटवोर्थ	३०,००,३८१	३७,४६,०८०	६२,४१,७९४	९९,१२,८९३	१,१८,१६,०४२	१,३१,६०,७१०	१,४८,२४,५४७
शेयर संख्या ('००० मा)	२०,३१२	२४,३७४	४४,९६१	६६,२८९	८६,५३७	८६,५३७	८६,५३७
प्रति शेयर नेटवोर्थ (रु.)	१४७.७२	१५३.६९	१३८.८३	१४९.५४	१३६.५४	१५२.०८	१७१.३१
नेटवोर्थमा प्रतिफल (%)	२३.३५	२०.४८	२०.०९	१४.३०	१२.८०	१३.५१	१४.१४
प्रति शेयर चुक्ता पूँजी (रु.)	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००
प्रति शेयर आम्दानी (रु.)	३८.६३	३७.७७	४१.५३	२१.३९	१७.४८	२०.५४	२४.३३

निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल (Minimum return on increased networth required to maintain pre issue EPS)= २८.५४%

नोटः प्रक्षेपित वित्तीय विवरण बैंक स्वयंले तयार गरेको हो र सो वित्तीय विवरणहरु चार्टर्ड एकाउण्टेण्टस् श्री सुमन डंगोलले प्रमाणित गर्नुभएको हो ।

१४. संगठित संस्थाले गर्ने भएको काममा नीहित संभाबित आर्थिक जोखिमहरु :

(क) नयाँ बैंक तथा वित्तीय संस्थाहरुको प्रवेश र यी संस्थाहरुबीच उत्पन्न प्रतिस्पर्धाबाट हुनसक्ने सम्भावित जोखिमहरु ।
(ख) बैंकबाट प्रदान गरिने दीर्घकालीन, मध्यकालीन, चालु पूँजी लगानी तथा प्रतीतपत्र/जमानतपत्र जारी गर्ने जस्ता गैर वित्तीय सेवाहरु उपलब्ध गराउँदा हुनसक्ने संभावित जोखिमहरु ।
(ग) नेपाल राष्ट्र बैंकको निर्देशनअनुसार व्याज दरमा हुने परिवर्तन तथा थपघटले उत्पन्न हुनसक्ने संभावित जोखिमहरु ।
(घ) नेपाल सरकार वा नेपाल राष्ट्र बैंकले वाणिज्य बैंक सम्बन्धी नीतिमा परिवर्तन गर्दा सिर्जना हुनसक्ने संभावित जोखिमहरु ।
(ङ) देशको आर्थिक मौद्रिक तथा वित्तीय नीतिलगायत नेपाल राष्ट्र बैंकले गर्ने नियम निर्देशनको अप्रत्यासित परिवर्तनबाट सिर्जना हुनसक्ने संभावित जोखिमहरु ।
(च) विदेशी विनिमय कारोबार गर्दा विनिमय दरमा हुने थपघट वा निक्षेपमा लिने वा दिने ब्याजदरमा आउने परिवर्तनबाट हुनसक्ने जोखिमहरु,
(छ) निक्षेप तथा कर्जा लगानीमा ब्याजदरमा हुने परिवर्तनबाट असर गर्ने जोखिमहरु, र
(ज) यथासमयमा कर्जा असुली नभई उत्पन्न हुने आर्थिक जोखिमहरु ।
(झ) कर्जा तथा लगानीको दायरा साँघुँरिएर उत्पन्न हुनसक्ने जोखिमहरु ।
(ञ) अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु ।
(ट) अन्तर्राष्ट्रिय स्तरमा विभिन्न मुलुकहरुले वैदेशिक ब्यापार अपनाउने नीति ।

बैंकले कर्जा तथा सापट र लगानी खराव भई उत्पन्न हुन सक्ने जोखिमहरुको लागि बैंकले कर्जा जोखिम व्यवस्था, लगानीमा सम्भावित हानी वापतको व्यवस्था, सटही घटवढ कोष जस्ता जोखिम व्यवस्था कोषहरुको व्यवस्था गरेको छ । बैंकले वित्त वजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा आवश्यक ध्यान पुन्याएको छ । यस बाहेकको व्यवसायिक जोखिमहरुबाट श्रृजना हुन सक्ने हानि नोक्सानीको लागि ब्यबस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम तथा प्रतिवद्ध छ ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिमः

रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात नेपाल स्टक एक्सचेञ्जमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न बैंकले निम्न उपायहरु अवलम्वन गर्दै आइरहेको छ ।

क) आफ्नो सेवालाई अझ प्रतिस्पर्धी बनाई उपभोक्तमुखी सेवाहरु प्रदान गर्ने छ ।
ख) मध्यकालीन तथा दीर्घकालीन कर्जा सापटीहरु खराब कर्जामा परिणत भई उत्पन्न हुने जोखिम कम गर्नका लागि बैंकले प्रभावकारी कर्जा अनुगमन नीति अवलम्वन गरेको छ ।
ग) त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसार आधुनिक प्रविधि अपनाउने, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने बैंकको नीति रहेको व्यहोरा अनुरोध छ ।

१५. हकप्रद साधारण शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :

क) हकप्रद शेयर खरिद गर्नका लागि साविक शेयरधनीहरुले आवेदन दिंदा यस हकप्रद निष्काशन प्रयोजनको लागि हकप्रद निष्काशन पुर्व वित्तीय संस्थाको सञ्चालक समितिको निर्णय अनुसार शेयरको दर्ता किताव वन्द गर्ने मिति भन्दा अघिल्लो दिनसम्म शेयर खरिद गरी कायम भएका शेयरधनीहरुले आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले खरिद गर्न चाहेको हकप्रद शेयरको संख्या समेत खोली बैंकले तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।
ख) दरखास्त फाराम अंग्रेजी तथा नेपाली दुबै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।
ग) हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/- का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रमा जम्मा गरी सो को सक्कल भौचर समेत संलग्न गरी आवेदन दिनु पर्नेछ ।
घ) संयुक्त नाममा रहेका साविक शेयरधनीहरुले दरखास्त दिंदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।
ङ) हकप्रद शेयर बाँडफाँड गर्दा जुन समुहको शेयरधनी हो सो शेयरधनीलाई सोही समुहको शेयरको अनुपातमा सञ्चालक समितिले निर्णय गरे बमोजिम बाँडफाँड गरिनेछ ।
च) यस हकप्रद निष्काशनको लागि तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि दरखास्त पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिला नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै दावी गर्न पाउने छैन ।
छ) यस हकप्रद निष्काशन सम्बन्धी कुनै विवाद भएमा वा परेमा यस बैंकको संचालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।
ज) हितग्राही खाता नभएको अवस्थामा हितग्राही खाता नं. माग गरि तथा हितग्रही खाता नम्बर उल्लेख गरेका शेयरधनीहरुको खातामा हकप्रद शेयर बाँडफाडँ भई कायम बाँडफाडमा परेको शेयर कित्ता जम्मा गरिनेछ ।
झ) आवेदन दिदाँ एकै शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा शेयर भौतिक तथा अभौतिक(डिम्याट) जुन रुपमा कायम रहेको भएतापनि एउटै मात्र आवेदन मार्फत दरखास्त दिने व्यवस्था रहेकोले सोही अनुसार आवेदन फारम भर्नुपर्ने ।
ञ) आस्वा प्रणाली अन्तर्गतको आवेदन दिंदा भर्नुपर्ने सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

१६. यस बैंकको विगत तीन आर्थिक बर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको शेयर कारोबारको विवरण :

आर्थिक बर्ष	अधिकतम शेयर मूल्य (रु.)	न्युनतम शेयर मूल्य (रु.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या (हजारमा)
०७१/०७२	९१०	५५२	६७८	१४,९५,१५२
०७२/०७३	९१०	५५४	८६९	९,१४,६८७
०७३/०७४	१,४८८	५२०	७२४	५०,७४,१७०

महिना	अधिकतम शेयर मूल्य (रु.)	न्यूनतम शेयर मूल्य (रु.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या (हजारमा)
कार्तिक ०७४	४३४	३७३	३८३	२,५२,५२८
मंसिर ०७४	४०३	३७२	३८४	१,७३,६५६
पुस ०७४	३९१	३४८	३७५	२,१८,३५९

नोटः बैंकको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेञ्ज लि.ले प्रकाशित गर्ने बजार मूल्य सूची मार्फत प्राप्त गर्न सकिने ।

१७. शेयर बाँडफाँड सम्बन्धी ब्यवस्था :

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर "धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३" को नियम २१ ले निर्धारित गरेको शेयर बिक्री बन्द भएको मितिले बढीमा तीस दिन भित्र हकप्रद शेयरको बाँडफाँड गरी शेयर अभौतिकीकरण गरिसकेका तथा हकप्रद शेयर आवेदन फारममा हितग्राही खाता उल्लेख गरेका तथा हकप्रद शेयर प्राप्त गर्ने डिम्याट खाता भएका शेयधरनीहरुलाई निजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराइने व्यवस्था मिलाइनेछ र भौतिक रुपमा हकप्रद शेयरको प्रमाणपत्र वितरण गर्न राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

१८. शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :

यस विवरण अनुसार साविक शेयरधनीहरुलाई जारी गरिएका हकप्रद साधारण शेयरहरु बाँडफाँड गरे पश्चात नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाडँफाडँ निर्देशिका २०७४" मा भएको ब्यवस्था अनुसार नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा प्रचलित सूचीकरण सम्बन्धी ब्यवस्थामा भएको प्रावधान अनुसार सूचिकरण गरी हकप्रदको शेयरको खरिद बिक्री व्यवस्था मिलाइनेछ । साथै नेपाल धितोपत्र बोर्डमा दर्ता भएको धितोपत्र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा समेत दर्ता गराइनेछ ।

१९. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको ब्यबस्था अनुसार साविकका शेयरधनीहरुले आफ्नो हक आंशिक वा पूर्ण रुपमा अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न पाइनेछ । यसरी आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको देहायका ब्यवस्था अनुसार उक्त नियमावलीको अनुसूची-११ बमोजिमको ढाँचामा दरखास्त दिई आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ ।

क. आफ्नो सम्पूर्ण/आंशिक हक कुनै एक व्यक्ति वा संस्थालाई मात्र प्रयोग गर्न सकिने ।
ख. मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने ।
ग. हकप्रद शेयर खरीद गर्ने हक अरुलाई मनोनीत गर्ने शेयरवालाले अरु शेयरवालाको हक लिई मनोनीत हुन नपाइने तर आफ्नो पूरै हक उपभोग गर्नेले भने अरुको हक समेत मनोनीतको रुपमा लिन सकिने ।
घ. कम्पनीको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सीमा तोकेको अवस्थामा पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कूल शेयर संख्या सो सीमा ननाघ्ने गरी मात्र मनोनीत हुनेले शेयरका लागि आवेदन गर्न सकिने ।
ङ. संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा संचालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गर्न सकिने र मनोनयन गरेपछि कम्पनीको शेयर स्वामित्वको संरचना र संचालक समितिको बनौटमा परिवर्तन हुने भएमा सम्बन्धित ऐन, नियमले तोकेको स्वामित्व सीमाभित्र रहने गरी परिवर्तन हुने व्यवस्था तथा मताधिकार सम्बन्धी स्पष्ट व्यवस्था भएको ।
च. प्रचलित कानून अनुरुप मनोनीत हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा अयोग्य समेत नभएको हुनुपर्ने ।
छ. हकप्रद शेयर बिक्री खुल्ला भएको अवधी भित्र आफ्नो हक अरुलाई प्रयोग गर्न दिने व्यवस्था गरिएको ।
ज. मनोनयनका लागि निवेदन दिदाँ निवेदनका साथ हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनी (शेयरवाला) ले बुझाइको शुल्क समेत समावेश गर्नु पर्नेछ ।

उपरोक्त व्यवस्थाको अलावा संस्थापक तथा अन्य शेयरधनीहरुले निम्नानुसारका थप प्रचलित व्यवस्थाहरु पालना गर्नुपर्नेछ।

क) चुक्ता पूँजीको २ प्रतिशत वा सोभन्दा कम शेयर लिएका संस्थापक शेयरधनीको हकमा बैंकले नियामक निकायले तोकेको देहायको शर्तको अधिनमा रहि हक हस्तान्तरण गर्न सकेछन भने २ प्रतिशत भन्दा माथि शेयर स्वामित्व भएकाको हकमा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिएर मात्र हक हस्तान्तरण गर्न सकेछ ।
ख) संस्थापक/संस्थापक समूहका हकप्रद शेयरको हक हस्तान्तरण आफ्नै समूह/उपसमूहका संस्थापकलाई पहिलो प्राथमिकता दिनुपर्नेछ । यसरी हक हस्तान्तरण गर्दा आफ्नो समूह/उपसमूहमा शेयरको हक हस्तान्तरण हुन नसकेको अवस्थामा विद्यमान अन्य संस्थापकलाई दोस्रो प्राथमिकता दिई हक हस्तान्तरण गर्न सकिने । हकप्रद शेयरको हक हस्तान्तरण विद्यमान संस्थापकहरुबीचमा नै हुने भएमा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन अन्तर्गत रही लगानीको स्रोत र कर चुक्ता गरेको हेरी सम्बन्धित बैंकले नै हक हस्तान्तरण गर्नसक्नेछ ।
ग) माथि (ख) बमोजिम संस्थापक समूहमा शेयरको हक हस्तान्तरण हुन नसक्ने अवस्थामा मात्र अन्य व्यक्ति वा संस्थालाई जुन समूह/उपसमूहबाट शेयरको हक हस्तान्तरण गरी लिएको हो सोही समूह/उपसमूहमा राखिनेछ । सो अवस्थामा प्रस्तावित संस्थापक शेयरधनीले नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन अनुसार संस्थापक शेयरधनीका लागि तोकिएको योग्यता (Fit & Proper Test) पूरा गरेको हुनुपर्ने । सो का अतिरिक्त प्रस्तावित संस्थापक शेयरधनी कर्जा सूचना केन्द्रको कालो सूचीमा परेको हुनु नहुने र सो प्रस्तावित संस्थापक शेयरधनीले आफ्नो लगानीको स्रोत खुल्ने कागजातका साथै कर चुक्ता प्रमाणपत्र र/वा कर दाखिला गरेको निस्सा समेत पेश गरेको हुनुपर्ने ।
घ) माथि बुँदा नं. (ख) बमोजिम संस्थापक/संस्थापक समूहको हकप्रद शेयरको हक हस्तान्तरण आफ्नै समूह/उपसमूहका संस्थापकलाई पहिलो प्राथमिकता दिँदा देहाय बमोजिमको प्रक्रिया अपनाउनुपर्नेछ ।
  - हकप्रद शेयरको हक हस्तान्तरण गर्न चाहने शेयरधनीले बिक्री मूल्य तोकी हक हस्तान्तरण गर्न चाहेको निवेदन बैंकमा पेश गर्नुपर्नेछ ।
  - यसरी निवेदन पेश गरेपछि ७ दिनको समय तोकी बैंकले पहिलो प्राथमिकतामा परेका शेयरधनीलाई सूचना दिनुपर्नेछ ।
  - यसरी पहिलो प्राथमिकतामा परेका शेयरधनीले ७ दिनभित्र सो मूल्यमा हक लिन नचाहेमा अन्य संस्थापकलाई बैंकले सूचना दिनुपर्नेछ । तत्पश्चात अन्य संस्थापकलाई दोस्रो प्राथमिकता दिई हक हस्तान्तरण गर्न सकिनेछ ।
ङ) उपरोक्त व्यवस्थामा जुनसुकै कुरा लेखिएको भएतापनि बैंकका सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, सचिव वा बैंकको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बाहाल रहँदाको बखत वा त्यस्तो पद छाडेको एक वर्षसम्म यस बैंक वा यसको सहायक कम्पनीको हकप्रद शेयर अन्य कुनै व्यक्ति वा संस्थालाई हक हस्तान्तरण गरिदिन वा अन्य कुनै व्यक्ति वा संस्थाबाट हक हस्तान्तरण स्वीकार गरिलिन नहुने ।

२०. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

क) नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरुलाई तोके बमोजिमका रु. ८ अर्व चुक्ता पूँजी पुन्याउने मुख्य उद्देश्यले यो हकप्रद शेयर जारी गर्न लागेको हो ।
ख) बैंकले हाल देशका विभिन्न स्थानमा व्यापकरुपमा शाखा विस्तार गरिरहेको छ । सो अनुसार बैंकको व्यवसायमा पनि क्रमशः वृद्धि गर्दै लैजाने योजना रहेको र सोको लागि बैंकको पूँजी पनि सोही अनुसार सवल र पर्याप्त हुनुपर्ने भएकोले व्यवसाय विस्तारका बलियो पूँजी आधार निर्माण गर्नु हकप्रद शेयर जारी गर्नुको अर्को उद्देश्य हो ।
ग) बैंकले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूंजी संकलन गर्न ।
घ) बैंकको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पूंजी जुटाउन ।
ङ) बैंकको विशेष साधारण सभाबाट पारित भए बमोजिम चुक्ता पुँजीमा दश शेयर वरावर एक शेयर (१० : १) को अनुपातमा हकप्रद शेयर निष्काशन गरी बैंकलाई आवश्यक पर्ने पुँजी संकलन गर्ने

२१. निष्काशनबाट प्राप्त कुल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :

यस "हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरण" अनुसार हकप्रद शेयर जारी भई प्राप्त हुने रकम निम्नानुसार शिर्षकमा उपयोग गरिनेछः

क्र.सं.	विवरण	अनुमानित रकम (रु.करोडमा)
१	तरलता/बैंक	२०
२	शाखा विस्तार तथा भौतिक पुर्वाधार निर्माण	१
३	व्यापारिक कर्जा लगानी	१५
४	घर कर्जा लगानी	४
५	हायरपर्चेज कर्जा लगानी	१
६	जलविद्युत क्षेत्रमा कर्जा लगानी	२
७	पर्यटन क्षेत्र कर्जा लगानी	२
८	कृषि, घरेलु तथा साना उद्योग कर्जा लगानी	१५
९	अन्य	८.२६
	जम्मा	रु.६८.२६

२२. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी ब्यवस्था :

यस हकप्रद साधारण शेयर निष्काशनको लागि देहाय बमोजिमका बैंकलाई निष्काशन बैंकको रुपमा नियुक्त गरिएको छ :

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	खाता नं.
१	लक्ष्मी बैंक लिमिटेड, हात्तिसार, काठमाण्डौ ।	००५३४०१०१९१

उपरोक्त निष्काशन बैंकमा दरखास्त फाराम वितरण गर्ने तथा बुझिलिने ब्यबस्था गरिएको छैन ।

२३. हकप्रद शेयर बिक्री खुल्ला अवधि :

हकप्रद शेयर निष्काशन गर्दा हकप्रद शेयरका लागि आवेदन लिने कार्य कम्तीमा पैंतिस दिनका लागि खुल्ला राखिनेछ । उक्त अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संगठित संस्थाले सूचना प्रकाशन गरी बढीमा थप पन्ध्र दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सक्नेछ र त्यस्तो सूचना प्रकाशन गर्नु अगावै सोको जानकारी बोर्डलाई दिनु पर्नेछ ।

२४. हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

१.	श्री सिद्धार्थ बैंक लिमिटेड, हात्तिसार, काठमाण्डौ तथा यसका सम्पूर्ण शाखा कार्यालयहरु ।
२.	श्री लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, बानेश्वर, काठमाण्डौ ।
३.	श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ ।
४.	आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अधिको मितिमा लक्ष्मी क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम नेपाल सरकार अन्तर्गतको हुलाक कार्यालयद्वारा लक्ष्मी क्यापिटल लिमिटेड, बानेश्वर, काठमाण्डौमा पठाउन सकिनेछ । हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन । दरखास्त फारमको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ ।

२५. संचालकहरुले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :

यस बैंकको आधारभुत शेयरधनीहरु तथा संचालकहरुले रु. २,३०,३९७,९००/- भुक्तानी गरि सकेको व्यहोरा अनुरोध छ ।

यस हकप्रद शेयर निष्काशन सम्बन्धमा कुनै लगानीकर्ताहिरुको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँबानेश्वर, काठमाण्डौमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

दरखास्त फारामको नमूना

SiddharthaBank
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत प्राप्त संस्था
हात्तिसार, काठमाण्डौं, नेपाल, फोन नं. ४४४२९१९, फ्याक्स नं.९७७-१-४४४२९२१
E- mail: sbl@siddharthabank.com, URL: www.siddharthabankltd.com
को

सि.नं.

हकप्रद शेयर खरीद दरखास्त फाराम

कोड नं. ☐☐☐

मार्फतः लक्ष्मी क्यापिटल मार्केट लिमिटेड
Laxmi Capital Market Limited
(Wholly Owned Subsidiary of Laxmi Bank Limited)
(नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धक, धितोपत्र प्रत्याभूति, शेयर रजिष्ट्रेशन तथा लगानी व्यवस्थापन कार्य गर्न इजाजत प्राप्त)
पो.ब.नं. ८४४९, का.म.न.पा. वडा नं. १० नयाँ बानेश्वर, काठमाडौं, नेपाल
फोन नं.: ९७७-०१-४७८०२२२, ४७८१५८२, फ्याक्स नं. ९७७ -१-४७८०५८३
Email : info@laxmicapital.com.np~URL: www.laxmicapital.com.np

शेयरधनी नं.

हितग्राही खाता नं. DP ID / Client ID

श्री संचालक समिति,
सिद्धार्थ बैंक लिमिटेड
हात्तिसार, काठमाडौं, नेपाल ।

महाशय,

त्यस बैंकबाट प्रकाशित "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार मिति २०७४/१०/२२ गते भन्दा अघिल्लो दिनसम्म मेरो/हाम्रो नाममा त्यस बैंकको जम्मा (भौतिक/अभौतिक) ………….. कित्ता शेयर कायम रहेको र सो शेयरको शतप्रतिशत रकम चुक्ता भुक्तान भैसकेको हुँदा बैंकले जारी गरेको दश शेयर बराबर नयाँ ती शेयर (१० : १) को अनुपातमा ……… कित्ता शेयर खरिद गर्ने हक मेरो/हाम्रो रहेकोमा ……… कित्ता तथा हक हस्तान्तरण भै आएको (भौतिक/अभौतिक) ……… कित्ता गरि जम्मा ……… कित्ता हकप्रद शेयर खरिद गर्न इच्छा भएकोले यो निवेदन पेश गरेको छु/छौं । त्यस बैंकको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

विवरण	भौतिक कित्ता (प्रमाण-पत्र रहेको हकमा)	अभौतिक कित्ता (हितग्राही खातामा रहेको हकमा)	जम्मा शेयर कित्ता
साविक कायम रहेको शेयर कित्ता			
लिन चाहेको हकप्रद शेयर कित्ता			
हकहस्तान्तरणबाट प्राप्त भएको हक बराबर लिन चोहेको शेयर कित्ता			
जम्मा लिन चाहेको हकप्रद शेयर कित्ता			

हक हस्तान्तरण गरिदिनेको शेयरधनीको शेयरधनी नं./हितग्राही नं.	DP ID	Client ID	शेयरधनी नं.
प्रति शेयर रु.१००/- ले बुझाएको रकम	रु.	अक्षरमा	
दरखास्त बुझाएको मिति	२०७४/ /	रसिद/भौचर नं.	
चेक खिचिएको बैंकको नाम		चेक नं.	
रकम बुझाएको बैंक/कम्पनीको नाम		ठेगाना	

निवेदकको पूरा नाम	नेपालीमा	श्री/श्रीमती/सुश्री/नाबालक	
	In English	Mr./Mrs./Miss/Minor	USE CAPITAL LETTER

ठेगाना	घर नं./वडा नं.		टोल		गा.वि.स./न.पा.		जिल्ला	
Address	House No./Ward no		Tole		VDC/Municipality		District	
सम्पर्क ठेगाना								
PAN No.			Phone No.				Mobile No.	
ना.प्र.प.नं./जारी स्थान			Email ID					
बाबुको नाम								
Father's Name								
बाजेको नाम								
Grand Father's Name								
पति/पत्नीको नाम								
संरक्षकको नाम (नाबालकको हकमा)								
Guardian's Name (Incase of minor)								

यस शेयरको लागि लगानी गरेको रकम सम्पति शुद्धिकरण ऐनको बर्खिलाप हुने गरी आर्जन गरेको होइन । साथै मैले/हामीले यस दरखास्त फाराममा खुलाइएको विवरण साँचो हो । झुठा ठहरिएमा प्रचलित कानून बमोजिम सहन/बुझाउन मेरो/हाम्रो मञ्जुरी छ ।

द्रष्टव्यः १. साविक शेयरधनीले आफ्नो शेयरधनी परिचय नं./हितग्रही खाता नं. अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ ।
२. रित पुर्वक नभरिएको दरखास्त फाराम हकप्रद शेयर बाँडफाँडमा समावेश गरिने छैन साथै चेक भुक्तान नभएमा दरखास्त फारम स्वतः रद्द हुनेछ ।
३. आफ्नो हकहस्तान्तरण (renounce) गर्न चाहनु हुने शेयरधनीहरुले धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को अनुसूची ११ को ढाँचा बमोजिमको निवेदनमा हकहस्तान्तरण गरि दिनेको दस्तखत प्रमाणित गरि दरखास्त फारामसाथ संलग्न गर्नु पर्नेछ । साथै हक हस्तान्तरण गर्न चाहने शेयरधनी महानुभावहरुले चुक्ता रकमको १ (एक) प्रतिशत शुल्क बुझाई छुट्टै हकहस्तान्तरण फाराम भरि बैंकको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौमा बुझाउनु पर्नेछ ।

यस दरखास्त फाराममा भरेको विवरणहरु पूर्ण रुपमा ठिक साँचो हो, यसमा कुनै फरक भएमा म निवेदक स्वयं जिम्मेवार हुनेछु ।

निवेदकको दस्तखत
(Applicant's Signature)

यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।

मार्फतः लक्ष्मी क्यापिटल मार्केट लिमिटेड
Laxmi Capital Market Limited
(Wholly Owned Subsidiary of Laxmi Bank Limited)

रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.

शेयरधनी नं./परिचय नं.

हितग्राही खाता नं. DP ID / Client ID

Applicant's Name				
Company's Name	SIDDHARTHA BANK LIMITED			
No. Of Shares Applied		Call Money per Share	Rs.100	Amount Deposited
Amount in Words				

निवेदकको दस्तखत
(Applicant's Signature)

For Official Use Only: Code No. ☐☐☐
Received by:
Date: Stamp

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

लक्ष्मी क्यापिटल मार्केट लिमिटेड
Laxmi Capital Market Limited
(Wholly Owned Subsidiary of Laxmi Bank Limited)
(नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धक, धितोपत्र प्रत्याभूति, शेयर रजिष्ट्रेशन तथा लगानी व्यवस्थापन कार्य गर्न इजाजत प्राप्त)
पो.ब.नं. ८४४९, का.म.न.पा. वडा नं. १० नयाँ बानेश्वर, काठमाडौं, नेपाल
फोन नं.: ९७७-०१-४७८०२२२, ४७८१५८२, फ्याक्स नं. ९७७ -१-४७८०५८३
Email : info@laxmicapital.com.np~URL: www.laxmicapital.com.np